नेपाल सरकार
परराष्ट्र मन्त्रालय

## राहदानी विभाग

त्रिपुरेश्वर, काठमाडौं

# विद्युतीय राहदानी (e-Passport) सम्बन्धी जानकारीमूलक पुस्तिका

# २०७९



नेपाल सरकार
परराष्ट्र मन्त्रालय

राहदानी विभाग

त्रिपुरेश्वर, काठमाडौं

# विद्युतीय राहदानी (e-Passport) सम्बन्धी जानकारीमूलक पुस्तिका २०७९



# भूमिका

प्रारम्भमा परराष्ट्र मन्त्रालयको शिष्टाचार महाशाखा अन्तर्गत रहेको राहदानी शाखाबाट राहदानीसम्बन्धी सम्पूर्ण कार्यहरू सम्पादन हुने गरेको थियो । राहदानी शाखालाई २०६७ साल जेठ ११ (२५ मे २०१०) बाट केन्द्रीय राहदानी कार्यालयको रूपमा परिणत गरिएको थियो । अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) को प्रावधानबमोजिम विक्रम संवत् २०६७ साल पुस ११ गते (२६ डिसेम्बर २०१०) बाट यन्त्रवाचक राहदानी (Machine Readable Passport वा संक्षेपमा MRP) जारी गर्न सुरु गरियो । हाल यन्त्रवाचक राहदानीलाई विस्थापित गरेर विद्युतीय राहदानी (e–Passport) जारी गरिएको छ । २०७८ साल असोजबाट विद्युतीय राहदानीको परीक्षण उत्पादन सुरू गरी २०७८ मङ्सिर १ बाट औपचारिक रूपमा उत्पादन तथा वितरण सुरू गरिएको हो । पहिलो विद्युतीय राहदानी शताब्दी पुरुष श्री सत्यमोहन जोशीका नाममा जारी गरिएको थियो । हाल नेपाल लगायत विश्वका १३० भन्दा बढी राष्ट्रहरूले प्रयोगमा ल्याइसकेको विद्युतीय राहदानी यन्त्रवाचक राहदानीभन्दा अझ सुरक्षित, विश्वसनीय, भरपर्दो र सहज मानिन्छ ।

विक्रम संवत् २०२४ सालमा राहदानी ऐन जारी भएको र त्यसको सञ्चालनका लागि विभिन्न निर्देशिकाहरू जारी भएका थिए । २०६७ सालमा राहदानी नियमावली र राहदानी निर्देशिका जारी भएका थिए । हाल विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानी, यात्रा अनुमतिपत्र लगायत राहदानीसँग सम्बन्धित विषयलाई नियमित र व्यवस्थित गर्न राहदानी ऐन २०७६, राहदानी नियमावली २०७७ र विद्युतीय राहदानी जारी गर्ने सम्बन्धी कार्यविधि २०७८ प्रचलनमा रहेका छन् । यी ऐन, नियम र कार्यविधिमा भएका प्रावधानहरूलाई सरलीकरण गरी यो पुस्तिका तयार पारिएको हो ।

राहदानीको अनलाइन आवेदनदेखि प्रयोगसम्मका विषयहरू समेटी सर्वसाधारणको जानकारीका लागि यो पुस्तिका जारी गरिएको छ । प्रस्तुत पुस्तिकाले राहदानी सम्बन्धी सामान्य खालका जिज्ञासा मेटाउने अपेक्षा गरिएको छ ।

राहदानी विभाग
त्रिपुरेश्वर, काठमाडौं

# विषय सूची


भूमिका क
विषय सूची ग

खण्ड एकः परिचय १
१.१ पृष्ठभूमि १
१.२ राहदानी भनेको के हो? १
१.३ इतिहास २
१.४ विद्युतीय राहदानी ४
१.५ विद्युतीय राहदानी कस्तो हुन्छ? ५
१.६ विद्युतीय राहदानीका फाइदाहरू ६
१.७ राहदानी सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था ८
१.८ राहदानी विभागले दिने सेवाहरू ८

खण्ड दुईः विद्युतीय राहदानी जारी प्रक्रिया
२.१ अनलाइन आवेदन फाराम भर्ने (Pre–enrollment) १०
२.२ रुजू गर्ने (Verification) १३
२.३ राहदानी शुल्क तिर्ने (Revenue Collection) १४
२.४ लाइभ इनरोलमेण्ट (Live Enrollment Unit) १५
२.५ भ्यालिडेशन (Validation) १६
२.६ केन्द्रीय अनुसन्धान (Central Investigation) १६
२.७ छपाइ (Printing) १६
२.८ गुणस्तर परीक्षण (Quality Control) १६
२.९ बक्स प्याकेजिङ्ग (Box Packaging) १७
२.१० बक्स डिस्याच (Box Dispatch) १७
२.११ बक्स रिसिभिङ्ग (Box Receiving) १७
२.१२ सन्देश प्रवाह (Messaging) १७
२.१३ जारी तथा सुरक्षण गर्ने (Issue and Secure) १७

खण्ड तीन : विद्युतीय राहदानी आवेदन अस्वीकृत हुने अवस्था
३.१ राहदानी आवेदन अस्वीकृत हुने कारणहरू १८
३.२ राहदानीका लागि फोटो सम्बन्धी मापदण्ड २१

खण्ड चार : विद्युतीय राहदानी शुल्क
राहदानीका लागि लाग्ने राजस्व विवरण २७

खण्ड पाँच : विविध
अन्य महत्वपूर्ण जानकारीहरू ३०

# खण्ड एकः परिचय

## १.१ पृष्ठभूमि

यातायातको सर्वसुलभता, व्यक्तिगत आम्दानीमा बढोत्तरी, अवसरको खोजीमा विभिन्न मुलुकमा पहुँच, विश्वव्यापीकरण जस्ता विभिन्न कारणले अन्तर्राष्ट्रिय यात्रामा उल्लेख्य वृद्धि भएको छ। सन् १९५० को दशकमा केही उच्च आम्दानी गर्ने व्यक्ति तथा संस्थागत खर्चमा भ्रमण गर्ने व्यक्तिहरूमा सीमित अन्तर्राष्ट्रिय भ्रमण हाल सर्वव्यापी हुन गएको छ। वैदेशिक यात्रामा भएको वृद्धिका कारण अध्यागमन विन्दुहरूमा यात्रुहरूको चाप व्यवस्थापनमा पनि विभिन्न चुनौती थपिन गएका छन्। एकातर्फ यात्रु आवागमनलाई छिटोछरितो बनाउनु परेको छ भने अर्कोतर्फ बढ्दो भीडभाडबाट हुनसक्ने त्रुटिका साथै भीडभाडमा अन्तर्राष्ट्रिय अपराधीले गलत फाइदा उठाउन सक्ने सम्भावनालाई रोक्नुपर्ने चुनौती समेत रहेको अवस्था छ। फलस्वरूप यी चुनौती सामना गर्न राहदानीमा निरन्तर सुदृढीकरण गर्नुका साथै अन्तर्राष्ट्रिय रूपमा पहिचान हुनसक्ने राहदानीको आधारभूत मापदण्डमा एकरूपता कायम गर्ने प्रयास गरिएको छ। नेपालले पनि अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) ले समय समयमा तोकेको मापदण्डअनुसार राहदानी र यसको जारी प्रक्रियालाई परिमार्जन गर्दै आएको छ। राहदानीसँग सम्बन्धित निकायहरू खासगरी- राहदानी विभाग, जिल्ला तथा इलाका प्रशासन कार्यालय, विदेशस्थित नेपाली नियोगहरू, अध्यागमन विभाग, नेपाल प्रहरी र अन्य सरोकारवाला निकायहरूलाई राहदानी सम्बन्धमा आधारभूत ज्ञान प्राप्त हुन जरुरी देखिएको छ। सोही प्रयोजन परिपूर्तिका लागि यो सहयोगी रहोस् भनी पुस्तिका तयार गरिएको छ।

## १.२ राहदानी भनेको के हो?

कुनै सार्वभौम मुलुकको सरकारले आफ्ना नागरिकहरूलाई विदेश यात्रा गर्ने प्रयोजनका लागि वाहकलाई यात्राका क्रममा संरक्षण प्रदान गर्न अनुरोध गरी निजको परिचय सहित जारी गरेको आधिकारिक कागजातलाई राहदानी भनिन्छ। राहदानीमा अन्य विवरणका अतिरिक्त वाहकको फोटो, परिचय खुलाउने नाम थर, राष्ट्रियता, जन्म मिति आदि विवरणहरू राखिएका हुन्छन्। राहदानीको अतिरिक्त विदेश भ्रमणमा जाँदा जुन मुलुकमा जानुपर्ने हो सो मुलुकको प्रवेशाज्ञा (visa) जरुरी हुन्छ। तथापि कतिपय मुलुकहरूले राहदानी नलिइकन (जस्तो नेपाली र भारतीयहरूको नेपाल र भारतभित्र हुने यात्रा, युरोपियन युनियनका जनताहरूको युरोपियन मुलुकहरू भित्रको भ्रमण) पनि यात्रा गर्न सकिने प्रबन्ध गरेका छन्। यद्यपि ती मुलुकहरूले पनि यात्रुको पहिचान खुल्ने कागजको माग गर्न भने सक्नेछन्। राहदानीको आकार, डिजाइन तथा सुरक्षा विशेषताका सम्बन्धमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) ले समय समयमा

विभिन्न Standard and Recommended Practices (SARPs) जारी गर्ने गर्दछ र यसलाई नेपाल लगायतका सबै सदस्य राष्ट्रहरूले कार्यान्वयन गर्ने गर्छन् । यसले विश्वमा राहदानी प्रयोग सम्बन्धी नियम कानुनहरूमा एकरूपता ल्याउन पनि मद्दत गरेको छ ।

नेपालको हाल प्रचलित राहदानी अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) को मापदण्ड अनुसार सानो पुस्तिकाको स्वरूपमा रहेको छ । यही मापदण्ड अनुसार नेपालको वर्तमान राहदानीको लम्बाइ चौडाइ १२५ मिलिमिटर x ८८ मिलिमिटर रहेको छ। यसमा हुने पानाहरूको सङ्ख्या, आवश्यकता अनुसार घटी बढी गरी राख्न सकिन्छ । आकार (size) का आधारमा वर्तमान नेपाली राहदानी २ प्रकारका रहेका छन् । पहिलो बाहिरी पाना बाहेक ३४ पृष्ठ र दोस्रो बाहिरी पाना बाहेक ६६ पृष्ठ भएका राहदानी हाल प्रयोगमा ल्याइएका छन् । विशेषताका आधारमा भने साधारण राहदानी, कूटनीतिक राहदानी, विशेष राहदानी र सर्भिस राहदानी प्रयोगमा रहेका छन् । त्यस अलावा आवश्यकताका आधारमा अस्थायी राहदानी, यात्रा अनुमति पत्र (Travel Document) र सिम्यान्स अभिलेख किताब (Seaman's Record Book) पनि प्रचलनमा ल्याउन सकिने प्रावधान रहेको छ ।

## १.३ इतिहास

मानव विकासको क्रममा राहदानीको लामो इतिहास रहेको छ । सुरुका दिनमा राजाहरूबाट पत्र जस्तो आकारमा अन्य मुलुक भ्रमण गर्न वा आफ्नै मुलुकभित्र समेत आवतजावत गर्न आधिकारिक छाप लगाई कागजपत्र जारी गर्ने र त्यसले राहदानीको जस्तै काम गर्ने गरेको देखिन्छ । यसको विकास हुँदै जाँदा वाहकको विवरण- उमेर, छालाको रङ्ग, कपालको रङ्ग, आँखाको रङ्ग, उचाइ, विशेष चिन्ह लगायतका हुलिया राख्ने गरियो भने फोटोग्राफीको आविष्कारपछि फोटो समेत राख्न सुरु गरिएको थियो । औद्योगिक क्रान्तिअघि अहिलेको तुलनामा विदेश भ्रमण निकै नगण्य हुने गरेकोले राहदानीको प्रयोग पनि सीमित हुने गरेको थियो । सुरुमा पानी जहाज, रेल यातायात हुँदै मोटरकार, हवाई जहाज लगायतका यातायातका साधनमा वृद्धि सँगै वैदेशिक यात्रामा पनि उल्लेख्य वृद्धि हुन थाल्यो । परिणामस्वरूप राहदानीलाई पनि व्यवस्थित, भरपर्दो र विश्वसनीय तुल्याउन आवश्यक भई यसका लागि अन्तर्राष्ट्रिय प्रयासको थालनी गरिएको हो । पहिलो विश्वयुद्धताका सुरक्षाको कारण जनाउँदै कतिपय युरोपियन मुलुकहरूले आ-आफ्नो मुलुकमा प्रवेश गर्नका लागि राहदानी अनिवार्य बनाए । सन् १९२० मा पेरिसमा राहदानी सम्बन्धी League of Nations को पहिलो सम्मेलन आयोजना भयो । उक्त सम्मेलनबाट पुस्तिका डिजाइन र आकार सम्बन्धमा सामान्य मार्गदर्शन (General Guidelines) तयार गरियो । यसले विभिन्न मुलुकहरूबाट जारी गरिने राहदानीमा एकरूपता कायम गर्नका लागि एउटा आधार सिर्जना गर्न सहयोग पुऱ्याएको विश्वास गरिन्छ ।

वैदेशिक यात्रामा भएको वृद्धि, सूचना प्रविधि क्षेत्रमा भएको युगान्तकारी विकास र प्रयोगसँगै राहदानीलाई परिमार्जन गर्दै लगिएको छ। सन् १९८० को दशकमा ICAO ले यसको Document 9303 को प्रथम संस्करण जारी गरी यन्त्रवाचक राहदानीको मापदण्ड निर्धारण गरे पश्चात् विश्व भरमै राहदानीको आकारमा एकरूपता आएको छ। हाल उक्त डकुमेण्टको सातौं संस्करण प्रचलनमा रहेको छ। ICAO को प्रावधान अनुसार २०७२ मङ्सिर ८ (२४ नोभेम्बर २०१५) पछि विदेश यात्रा गर्न MRP अनिवार्य गरेको हुनाले सन् २०६७ पुस ११ (२६ डिसेम्बर २०१०) देखि नेपाल सरकारले पनि MRP जारी गर्न सुरु गरेको हो।

राहदानीको शुरूवात नेपालका प्रथम प्रधानमन्त्री भिमसेन थापाको "सनद सवाल" मा उल्लेख भएको पाइन्छ। मोतीलाल सिंह भन्ने नेपाली सबैभन्दा पहिले युद्धबन्दीका रुपमा बेलायत पुगेका भएपनि उनीसँग राहदानी थिएन। विभिन्न स्रोतका अनुसार सन् १८५० जनवरीमा बेलायततिर लागेका जङ्गबहादुरले उनका साथमा भाइ जगतशमशेर, धीरशमशेर, काजी करवीर खत्री, डिल्लीसिंह बस्न्यातसहित चौधजना, भान्से चारजना, कामदार १२ जना र तिनका सहयोगी १० जना समेत ४० जनाको टोली सँगै लिएर भ्रमणमा गएका थिए भन्ने उल्लेख छ। जङ्गबहादुर राणा र उनका भाइहरूले राहदानी प्रयोग गरेका थिएनन् भन्ने उल्लेख भएकाले उनको टोलीका अन्य सदस्यहरूले नै पहिलो राहदानी प्रयोग गरेको मान्नुपर्ने हुनसक्छ। त्यसैगरी कृष्णप्रसाद नामको व्यक्तिलाई ११ नम्वर उल्लेख भएको राहदानी जारी गरेको पनि कतैकतै उल्लेख भएको पाइन्छ। उनी र उनका १० जना भरियालाई सन् १९०० तिर बुटवल र तौलिहवा भ्रमणका लागि अनुमति दिइएको उल्लेख छ।

यसरी हेर्दा नेपालमा राहदानीको प्रयोग कहिलेदेखि भयो भन्ने यकिन तथ्याङ्क नभएतापनि सन् १८५० पछि नेपालीहरूको विदेश यात्राको सुरुवात भएको र त्यसैको आसपासबाट राहदानी जारी हुन थालेको हुनसक्छ। सन् १९३४ मा लन्डनमा नेपाली राजदूतावासको स्थापना भए पश्चात् नेपालीहरूको बाहिरी विश्वसँग आवतजावत बढेको र राहदानीको प्रयोग पनि बढेको हुनसक्ने नेपालका पूर्व परराष्ट्र सचिव तथा इतिहासकार डा. मदन कुमार भट्टराईको कथन रहेको छ।

नेपाली राहदानी विभिन्न स्वरूप हुँदै हालको स्वरूपमा आएको छ। विक्रम सम्वत् २००७/८ साल तिर नेपाली रुपियाँ पाँच दस्तुर लिई जारी गरिने राहदानी नेपाली कागजको हुन्थ्यो। पुरानो नागरिकता जस्तै पुस्तिकामा रहने उक्त राहदानीमा व्यक्तिगत विवरण हुने गर्थ्यो। पृष्ठ ठूलो हुने हुँदा पट्याएर राख्ने प्रकारको थियो। नेपाली दूतावासहरूको वृद्धि हुने क्रमसँगै नेपालीहरूको विदेश यात्रामा पनि वृद्धि हुन थालेपछि राहदानी पुस्तिकालाई विदेशमा छपाई गर्न थालियो। समय समयमा राहदानीको लम्बाइ चौडाइमा फरक परेको भएतापनि सबै प्रकारका राहदानीहरूमा केही न केही प्रकृतिका सुरक्षण विशेषताहरू समावेश गरिएका थिए।

विक्रम सम्वत् २०२४ सालमा राहदानी ऐन जारी भएको, त्यसको सञ्चालनका लागि विभिन्न निर्देशिकाहरू जारी भएका र त्यसको आधारमा राहदानीहरू जारी गरिने गरिएकोमा विक्रम सम्वत् २०६७ सालमा राहदानी नियमावली र राहदानी निर्देशिका जारी भएका थिए। प्रारम्भमा परराष्ट्र मन्त्रालयको प्रोटोकल महाशाखा अन्तर्गत रहेको पासपोर्ट शाखाबाट राहदानी सम्बन्धी सम्पूर्ण कार्यहरू सम्पादन हुने गरेका थिए । पासपोर्ट शाखालाई २०६७ जेठ ११ (२५ मे २०१०) बाट केन्द्रीय राहदानी कार्यालयको रुपमा परिणत गरिएको थियो ।

विश्वमा राहदानीको प्रचलनमा एकरूपता कायम गर्ने सिलसिलामा सन् २०१० मार्चपछि सबै सदस्य राष्ट्रहरूले MRP जारी गरिसक्नु पर्ने गरी ICAO ले तोकेको थियो । तथापि नेपालले विशेष अनुरोध गरी अन्तरराष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) को प्रावधान बमोजिम विक्रम सम्वत् २०६७ पुस ११ (२६ डिसेम्बर २०१०) बाट यन्त्रवाचक राहदानी (Machine Readable Passport, MRP) जारी गर्न शुरू गरेको हो । यसलाई क्रमशः विकसित गर्दै सन् २०१६ बाट प्रत्यक्ष दर्ता प्रणाली (Live enrollment System) बाट राहदानीका लागि निवेदन दिनसक्ने ब्यवस्था मिलाइएको थियो । तत्पश्चात् विश्वका १३० भन्दा बढी राष्ट्रहरूले प्रयोगमा ल्याइसकेको MRP भन्दा अझै सुरक्षित, विश्वसनीय, भरपर्दो र सहज समेत मानिएको विद्युतीय राहदानी (e–Passport) नेपालले २०७८ मङ्सिर १ (१८ नोभेम्बर २०२१) देखि जारी गर्न सुरु गरेको छ।

## १.४ विद्युतीय राहदानी

विद्युतीय राहदानी (जसलाई Biometric Passport, वा e–Passport वा Digital Passport पनि भनिन्छ) परम्परागत राहदानी कै विकसित रूप हो । यसमा MRP मा रहेका सम्पूर्ण विशेषताहरू हुनुका साथै Electronic Microprocessor Chip समेत रहेको हुन्छ । उक्त चिपलाई Smart Integrated Circuit Chip वा Integrated Circuit Chip वा IC Chip पनि भनिन्छ। यसलाई राहदानीको बाहिरी वा भित्री पानामा बाहिरबाट नदेखिने गरी घुसाएर राखिएको हुन्छ । चिपमा व्यक्तिका जैविक पहिचान (Biometric Identification) हरू जस्तै आँखाको रेटिना, औँठाछाप, फोटो आदि राखिन्छ। जैविक पहिचान राखिने भएकाले विद्युतीय राहदानी लिएर यात्रा गर्ने वाहकको सहज र सरल तरिकाले पहिचान गर्न सकिने हुन्छ।

विद्युतीय बाहेक अन्य राहदानीको हकमा राहदानीमा रहेको तस्विरको आधारमा अध्यागमन अधिकृतले नाङ्गो आँखाले हेरी पहिचान गर्दा झुक्किने वा त्रुटि रहने सम्भावना रहन्छ। कम्प्युटर प्रविधिको विकाससँगै मानिसबाट हुनसक्ने त्रुटिलाई न्यूनीकरण गर्दै लगिरहेको छ । कम्प्युटर प्रविधिको विकासले व्यक्तिको मुहार, आँखाको रेटिना, औँठाछाप जस्ता जैविक पहिचानद्वारा

व्यक्तिको पहिचान गर्ने विधिमा उल्लेख्य प्रगति भएको छ। व्यक्तिको रेटिना, औंठाछाप जस्ता पहिचान व्यक्तिको गोपनीयताभित्र पर्ने हुनाले मुहार पहिचान (Facial Recognition) प्रविधिलाई प्रचलनमा ल्याउन प्राथमिकता दिने गरिएको छ। त्यसैले ICAO ले पनि चिपभित्र तस्विर अनिवार्य गरेको र अन्य जैविक पहिचान ऐच्छिक रूपमा सम्बन्धित देशले निर्धारण गर्नसक्ने व्यवस्था गरेको छ। जैविक पहिचानहरूको प्रयोगले कागजातहरूको आधिकारिकतामा वृद्धि ल्याउने हुनाले कागजात जारी गर्दाका बखत त्यसलाई विशेष प्रकारले हेर्ने गरिन्छ। यसको प्रयोग गरी जारी गरिएका कागजातहरूको विश्वसनीयता बढी रहेको हुन्छ। विगत दशकहरूमा मुहार पहिचान पद्धतिमा उच्च शुद्धता कायम गर्न सकिने भएसँगै विद्युतीय राहदानी तथा अध्यागमन विन्दुहरूमा यसको प्रयोगमा धेरै मुलुकहरूले जोड दिएका छन्। अपवाद बाहेक यस्तो प्रविधिबाट जुम्ल्याहाहरूलाई पनि नगण्य त्रुटि हुने गरी पहिचान गर्न सकिने भएको छ। परिणाम स्वरूप हाल विश्वका १३० भन्दा बढी देशहरूले विद्युतीय राहदानी लागू गरिसकेका छन् भने अन्य धेरै देशहरू पनि भविष्यमा विद्युतीय राहदानी लागू गर्ने योजनामा रहेका छन्।

## १.५ **विद्युतीय राहदानी कस्तो** हुन्छ?

यन्त्रवाचक राहदानीमा भएका सबै विशेषता विद्युतीय राहदानीमा हुने र यसमा चिप पनि घुसाएर राखिएको हुने हुनाले यो केही बाक्लो हुन्छ। सामान्यतः चिप शुरू कभरमा, डाटा पेजमा वा अन्तिम कभरमा राखिन्छ। जुन पेजमा चिप राखिन्छ, उक्त पेजको मोटाइ अन्य पानाभन्दा केही बाक्लो हुन्छ। चिपलाई कागजको पत्रमा बाहिरबाट नदेखिने गरी र छाम्दा पनि थाहा नहुने गरी राखिएको हुन्छ। चिप राखिने पत्रलाई ईनले (Inlay) भनिन्छ। यसमा भएको तथ्याङ्क पढ्न चिपलाई ईनलेमा घुमाएर राखिएको एन्टिनासँग जोडिएको हुन्छ। यसकै सहायताले विद्युतीय राहदानीमा भएको डाटा पढ्न र हेर्न सकिन्छ।

ICAO ले अन्तर्राष्ट्रिय यात्रालाई सहज बनाउन अर्थात् Seamless Travel को सुनिश्चितताको लागि कुनै पनि देशलाई पछाडि छाडिनु हुँदैन (No Country Left Behind) भन्ने नारा ल्याएको छ। यसको मतलब, विना कुनै अवरोध, विना कुनै त्रुटि अन्तर्राष्ट्रिय यात्रा गर्न पाउनु आजको आवश्यकता हो। यसका लागि राहदानी प्रमुख साधन हो। यसमा पनि विद्युतीय राहदानीबाट व्यक्ति पहिचानको समस्या सम्बोधन हुनुका साथै यात्राका क्रममा गरिने कतिपय कार्यलाई स्वचालित (जस्तै इ-चेक, इ-बोर्डिङ्ग) बनाउन सकिन्छ। यन्त्रवाचक राहदानीमा रहेको तस्विरबाट राहदानी वाहक व्यक्ति उही व्यक्ति हो होइन भनी सहज पहिचान गर्न कठिन हुन्छ। अझ दैनिक हजारौं सङ्ख्यामा यात्रा गर्ने व्यक्तिलाई हेरेर पहिचान गर्नु झनै चुनौतीपूर्ण रहेको सन्दर्भमा विद्युतीय राहदानीको प्रयोगमा बढोत्तरी भएको छ।

## १.६ विद्युतीय राहदानीका फाइदाहरू

१. **विद्युतीय राहदानी थप सुरक्षित हुन्छः**– विद्युतीय राहदानीको Micro–chip मा व्यक्तिको फोटो, व्यक्तिगत विवरणहरू लगायतका विवरणहरू राखिएको हुन्छ । डिजिटल रूपमा राखिने यस्ता विवरण Encrypt गरी निकै सुरक्षित रूपले राखिएको हुनाले सामान्यतः परिवर्तन गर्न सकिँदैन र कसैले परिवर्तन गरेमा पिन परिवर्तन गरिएका कुराहरू सहजै पत्ता लाग्न सक्छन् ।

२. **थप विश्वसनीयः**– राहदानी पुस्तिकाको डाटा पेज र चिपमा समेत व्यक्तिका विवरणहरू राखिने भएकाले यस्तो राहदानी नक्कली बनाउन वा राहदानीमा बनाएको विवरण परिवर्तन गर्न असम्भव प्रायः हुने हुँदा थप विश्वसनीय हुन्छ ।

३. **विवरण प्राप्त गर्न सहजः**– विद्युतीय राहदानीको चिपमा Antenna जोडिएको हुन्छ जसको सहायताले Passport Reader Machine सँग Chip ले सञ्चार गर्न सक्दछ । यसबाटै राहदानीमा रहेका विवरणहरू कम्प्युटरमा ट्रान्सफर हुन्छन् । चिपमा व्यक्तिको फोटो अनिवार्य राखिएको हुन्छ भने औँठाछाप, आँखाको रेटिना जस्ता अन्य जैविक पहिचान समेत राख्ने गरिन्छ । यस्ता विवरणहरू शुरूकै गुणस्तरमा कम्प्युटरमा extract गर्न सकिन्छ जुन MRP मा सम्भव छैन । MRP मा भएको फोटोको गुणस्तर Original सरह हुँदैन ।

४. **व्यक्तिको सहज पहिचानः**– अध्यागमन पार गर्दा आँखाले हेरेर राहदानी वाहकको पहिचान गर्दा त्रुटि हुनसक्ने सम्भावना रहन्छ । विद्युतीय राहदानीको हकमा चिपमा भएको फोटो र राहदानी वाहकको फोटो कम्प्युटर प्रविधिबाट भिडाई सही व्यक्ति पहिचान हुने हुँदा त्रुटि हुने सम्भावना नगन्य मात्र रहन्छ । कम्प्युटर प्रविधिबाट भिडाउँदा राहदानी वाहक सही भए, नभएको तुरुन्तै र उच्च शुद्धतासाथ थाहा हुनसक्छ । यसले गर्दा एउटा व्यक्तिको राहदानी अर्को व्यक्तिले प्रयोग गर्ने सम्भावना शून्य प्रायः हुन्छ ।

५. **यात्रामा सरलताः**– विभिन्न मुलुकहरूमा इ-गेट (e–gate) जस्ता स्वचालित प्रविधिहरूको प्रयोग गर्न थालिएको छ । अध्यागमनको इ-गेट पार गर्दा कम्प्युटरले राहदानीको चिपमा रहेको तस्विरसँग वाहकको तस्विर भिडाउँछ। दुबै तस्विर मिल्न गएमा स्वचालित रूपमा अध्यागमनको ढोका खोलिन्छ, अन्यथा व्यक्तिलाई रोकिन्छ । यो प्रविधि छिटो छरितो र विश्वासिलो हुनुका साथै खर्चको हिसाबले समेत किफायती हुने देखिएकोले इ-गेटको प्रयोगमा वृद्धि भइरहेको छ। ढिलो चाँडो सबै मुलुकहरू इ-गेट लागू गर्नेतर्फ उन्मुख भइरहेको अवस्थामा विद्युतीय राहदानी जरुरी हुन गएको हो ।

६. **बढ्दो प्रयोगः–** विभिन्न मुलुकहरूले विद्युतीय राहदानीलाई बढी प्रथमिकता दिने गरेको पाइन्छ। उदाहरणका लागि अमेरिकामा अध्यागमन विन्दुमा भिसा (On–arrival Visa) लिनका लागि विद्युतीय राहदानी अनिवार्य रहेको छ।

७. **सूचनाको गोपनीयताः–** राहदानीको चिपमा रहेको तथ्याङ्क पढ्नको लागि Digital Certificate तथा Public Key को जरुरत पर्ने भएकाले जो कोहीले पनि यसको विवरण पढ्न सक्दैनन्। यसले गर्दा व्यक्तिगत सूचनालाई गोप्य राख्न सकिन्छ।राहदानीमा राखिएको चिप Radio Frequency Identification (RFID) Contactless Chip हो। यसलाई पढ्नका लागि Reader मेसिनमा छुवाउनु पर्दैन। यसले RFID पढ्ने मेसिनबाट आफूलाई चाहिने शक्ति (Electrical Energy) प्राप्त गरी Active बन्दछ। त्यसपछि Reading Device सँग आपसी सञ्चार हुन्छ र चिपमा भएको विवरण खुल्छ।




विद्युतीय राहदानी/यात्रा अनुमति पत्र (eMRTD) कसरी चिन्न सकिन्छ?

विद्युतीय राहदानी/यात्रा अनुमति पत्र (eMRTD) को बाहिरी पृष्ठ (Cover Page) मा माथि दिइएको सङ्केत चिन्ह राखिएको हुन्छ। यसको आधारमा कुनै विद्युतीय राहदानी/यात्रा अनुमति पत्र विद्युतीय (eMRTD) हो वा होइन भनी पहिचान गर्न सकिन्छ। ICAO को नियमअनुसार विद्युतीय राहदानीमा व्यक्तिको नाम, थर, जन्म मिति, राष्ट्रियता, डकुमेण्ट नम्बर, जारी मिति, म्याद सकिने मिति जस्ता सूचनाका साथै फोटो अनिवार्य रूपमा चिपमा राखिनु पर्दछ। औँठाछाप, आइरिस, डिएनए जस्ता सूचना चिपमा राख्ने नराख्ने विषय ऐच्छिक हुन्छ र सम्बन्धित मुलुकले निर्धारण गरेबमोजिम हुन्छ। यसैले विद्युतीय राहदानीमा राख्ने तथ्याङ्कलाई अनिवार्य र ऐच्छिक गरी छुट्याइएको छ।

## १.७ राहदानी सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था

हाल प्रचलनमा रहेको नेपाल सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली २०७४ नियम ५ सँग सम्बन्धित अनुसूची २ को ९ मा राहदानी जारी गर्ने कार्य परराष्ट्र मन्त्रालयलाई तोकेको छ। परराष्ट्र मन्त्रालय अन्तर्गत रहेर नेपाली नागरिकहरूलाई राहदानी जारी गर्ने र यसको नियमन तथा प्रयोगको व्यवस्था सुनिश्चित गर्ने कार्य राहदानी विभागले गर्दै आएको छ। नेपाल सरकारको हाल प्रयोग र प्रचलनमा रहेका राहदानी ऐन २०७६, राहदानी नियमावली २०७७, राहदानी पहिलो संशोधन नियमावली २०७८, राहदानी कार्यविधि २०७८ तथा विभागले जारी गरेको निर्देशिका, परराष्ट्र मन्त्रालयको विभिन्न प्रचलित नीति, निर्देशन, कार्यक्रम, कार्य योजना लगायत ICAO Document 9303 (7th Edition) र यसको अनुसूची-९ तथा त्यसपछिका संशोधनहरूका आधारमा राहदानी विभागले आफ्ना कार्य तथा गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ।

## १.८ राहदानी विभागले दिने सेवाहरू

राहदानी विभागले राहदानीको सम्पूर्ण व्यवस्थापनको कार्य गर्दछ। त्रिपुरेश्वरस्थित कार्यालबाट राहदानी विभागले द्रुत सेवामा आवेदनका लागि एपोइन्टमेन्ट लिएका सेवाग्राहीलाई सेवा प्रदान गरिरहेको छ। यस अलावा अनलाइन आवेदन फाराम व्यवस्थापन, राहदानी छपाइ तथा राहदानी सम्बन्धी नीतिगत विषयको निर्णय दिने काम पनि राहदानी विभागले गरिरहेको छ। कूटनीतिक राहदानी, विशेष राहदानी, सेवा राहदानी र यात्रा अनुमति पत्रसँग सम्बन्धित सेवा पनि विभागले दिने गरेको छ। विभिन्न इन्रोलमेन्ट सेन्टरहरूबाट आवेदन गर्ने सेवाग्राहीका राहदानी सम्बन्धी विवरणहरू केन्द्रीय प्रणालीमा आबद्ध गरेर राहदानी जारी गर्ने काम पनि विभागले गरिरहेको छ। विभागका अतिरिक्त नेपाली नागरिकहरूलाई निम्न स्थानहरूबाट राहदानी सम्बन्धी सेवा प्रदान हुँदै आएको छ।

१. देशभरिका ७७ वटा जिल्ला प्रशासन कार्यालय, १७ वटा इलाका प्रशासन कार्यालय तथा विदेशस्थित ३८ वटा नेपाली नियोगहरूबाट राहदानी सेवा प्रदान भइरहेको।

२. यस बाहेक विशेष अवस्थामा राहदानी विभाग र विदेशस्थित नेपाली नियोगहरूले मोवाइल किट मार्फत पनि विभिन्न स्थानमा गई विद्युतीय राहदानीका लागि निवेदन सङ्कलन गरी राहदानी जारी गर्न सक्ने।

३. यसका साथै राहदानी विभागले कुनै कारणबाट नेपाली राहदानी प्राप्त गर्न नसक्ने तर विदेश यात्रा गर्नुपर्ने नेपाली वा तिनका सन्तान र नेपालमा बसोबासमा रहेका शरणार्थीहरूलाई विदेश जानुपर्ने अवस्थामा ट्राभल डकुमेण्ट जारी गर्ने ।

४. विदेशमा अलपत्र भई वा राहदानी हराएमा वा अन्य कुनै कारणबाट राहदानी लिन नसक्ने भएका त्यस्ता व्यक्तिहरूलाई नेपालसम्म यात्रा सहजीकरणको लागि एक पाने ट्राभल डकुमेण्ट जारी गर्ने गरेको ।

# खण्ड दुईः विद्युतीय राहदानी जारी प्रक्रिया

विद्युतीय राहदानी जारी गर्न देहायको तहगत प्रक्रिया प्रयोग गरिएको छ। प्रत्येक तहको विस्तृतमा छुट्टै उल्लेख गरिएको छ।

(१) अनलाइन आवेदन फाराम (Pre–enrollment)

(२) रुजू (Verification)

(३) राहदानी शुल्क सङ्कलन (Revenue Collection)

(४) लाइभ ईनरोलमेण्ट (Live Enrollment)

(५) भ्यालिडेशन (Validation)

(६) केन्द्रीय अनुसन्धान (Central Investigation)

(७) छपाइ (Printing)

(८) गुणस्तर परीक्षण (Quality Control)

(९) बक्स प्याकेजिङ्ग (Box Packaging)

(१०) बक्स डिस्याच (Box Dispatch)

(११) बक्स रिसिभिङ्ग (Box Receiving)

(१२) सन्देश प्रवाह (Messaging)

(१३) जारी तथा सुरक्षण (Issue and Secure)

२.१ **अनलाइन आवेदन फाराम भर्ने** (Pre–enrollment)

- अनलाइनबाट प्रणालीबाट अनिवार्य रूपमा फाराम भरी मिति र समय बुक गर्नु पर्दछ। यसलाई प्रिइनरोलमेण्ट (Pre–enrollment) भनिन्छ। बुकिङ्ग गरेको मिति र समय भन्दा अगाडि आएर सिधैँ लाइन बसेको आधारमा सेवा उपलब्ध हुने छैन। आफ्नो बुकिङ्गको दिन तोकिएको समयमा मात्र आउनु पर्छ।


- राहदानीको लागि निवेदन गर्न प्रिइनरोलमेण्ट (Pre–enrollment) गर्दा पेश गर्नुपर्ने नागरिकताको प्रमाण पत्र, हाल निवेदकसँग भएको राहदानी, राष्ट्रिय परिचय पत्र वा सो

को नम्बर भएको फाराम जस्ता आवश्यक कागजातहरूको फोटो खिची वा स्क्यान गरी तोकिएको साइजमा अपलोड गर्नु पर्नेछ। कुनै विवरण फरक परी सच्याउनु पर्ने अवस्थामा त्यसलाई पुष्टि गर्न थप कागजात पेश गर्नुपर्ने छ। त्यस्तो अवस्थामा त्यस्ता थप कागजातहरूको पनि फोटो खिची वा स्क्यान गरी अपलोड गर्नु पर्नेछ। अन्यथा नयाँ राहदानीमा पहिलेको राहदानीभन्दा फरक गरी विवरण संशोधन हुनेछैन।

- अनलाइन प्रणालीबाट अपोइण्टमेण्ट स्थान, मिति र समय लिएपछि फाराम भरेर अनलाइन प्रणालीबाट नै सवमिट (Submit) गर्नुपर्छ। त्यसरी सवमिट (Submit) गरेको फाराम आफ्नो इमेलमा पनि पठाउन सकिने छ। त्यसपछि सो फाराम प्रिन्ट गरी आफूले छानेको लाइभ इन्रोलमेण्ट सेन्टरमा लिएर जानुपर्छ। जस्तैः Department of Passport छानिएको भए राहदानी विभाग, DAO Kathmandu मात्र भए जिल्ला प्रशासन कार्यालय काठमाडौं जानुपर्ने छ। त्यसैगरी अन्य जिल्ला, इलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोगहरू पनि आफू बसेको जिल्ला वा देश अनुसार छनौट गर्न सकिने छ।


प्रिइनरोलमेण्ट (Pre–enrollment) गर्ने तरिका तल उल्लेख गरिएको छ।

- विद्युतीय राहदानीका लागि अनलाइन फाराम भर्न राहदानी विभागको वेबसाइट nepalpassport.gov.np मा गएर पोर्टलमा रहेको Apply for Passport मा क्लिक गर्ने वा सोझै https://emrtds.nepalpassport.gov.np/ मा जाने। Pre–enrollment for e–passport (विद्युतीय राहदानीका लागि आवेदन) देखा पर्नेछ।






- त्यसपछि नीलो बटनको Apply for passport राहदानीको लागि आवेदन मा क्लिक गर्ने। स्क्रिन देखा पर्नेछ।



१. **First Issuance** (**पहिलो पटक राहदानी लिन**): पहिलो पटक राहदानी बनाउने वा पहिले हस्तलिखित राहदानी मात्र लिएकाहरूले **First Issuance** भन्ने Option छानेर फाराम भर्नुपर्छ ।

२. **Renewal** (**म्याद सकिएको राहदानी नवीकरण गर्न**): पुरानो मेशिन रिडेबल राहदानी (MRP) भएकाहरूले यस Option मा गएर फाराम भर्नुपर्ने छ ।

३. **Replacement – Lost/Stolen** (**हराएको/चोरिएको राहदानीको सट्टामा**): मेशिन रिडेबल राहदानी (MRP) वा विद्युतीय राहदानी लिएका तर हराएको वा चोरी भएकाहरूले यस Option मा क्लिक गरेर फाराम भर्नुपर्छ ।

४. **Replacement–Damaged** (**बिग्रेको राहदानीको सट्टामा**): मेशिन रिडेबल राहदानी (MRP) वा विद्युतीय राहदानी लिएका तर च्यातिएको, भिजेको वा अन्य कारणले पुन प्रयोग गर्न नमिल्ने भएको तर राहदानी साथमा भएको भए यस Option मा क्लिक गरेर फाराम भर्नुपर्छ ।

**पहिले नै चाहिने कागजातहरू फोटो खिची वा स्क्यान गरी तोकिएको साइजमा राख्नुपर्ने: फोटो वा स्क्यान सक्कल कागजातबाट मात्र गर्नुपर्ने अन्यथा फाराम रद्द वा रिजेक्ट हुनसक्ने छ ।**

राहदानीको लागि निवेदन गर्न प्रिइनरोलमेण्ट (Pre–enrollment) गर्दा पेश गर्नुपर्ने नागरिकताको प्रमाण पत्र, हाल निवेदकसँग भएको राहदानी, राष्ट्रिय परिचय पत्र वा सो को नम्बर भएको फाराम जस्ता आवश्यक कागजातहरूको फोटो खिची वा स्क्यान गरी तोकिएको साइजमा अपलोड गर्नु पर्नेछ । कुनै विवरण फरक परी सच्याउनु पर्ने अवस्थामा त्यसलाई पुष्टि गर्न थप कागजात पेश गर्नुपर्ने छ । त्यस्तो अवस्थामा त्यस्ता थप कागजातहरूको पनि फोटो खिची वा स्क्यान गरी अपलोड गर्नु पर्नेछ । अन्यथा नयाँ राहदानीमा पहिलेको राहदानीभन्दा फरक गरी विवरण संशोधन हुनेछैन ।

## २.२ **रुजू गर्ने** (Verification)

प्रिइनरोलमेण्ट गरी सेवाग्राहीले ल्याएको फारामको बारकोड रिडरबाट रिड गरी विद्युतीय राहदानी प्रणालीमा ल्याउनुपर्ने छ । त्यसपछि रुजू एकाइले सबै सक्कल कागजात भए नभएको/ल्याए नल्याएको जाँच गर्नुपर्ने र निवेदकले अनलाइनमा पेश गरेका सबै कागजातहरू सक्कलसँग भिडाई रुजू गर्नु पर्नेछ । अपलोड गर्न छुट भएका वा कागजात नपुग भएको भएमा कमेन्ट बक्समा कुन कुन कागजात नपुग भएको हो सो खुलाई लाइभ इन्रोलमेण्टमा अपलोड गर्न निर्देश गर्नु

पर्नेछ। आवश्यक सक्कल कागजात निवेदकले नल्याएको भएमा वा नपुग भएमा निवेदकलाई ती कागजातहरू लिएर आउन अनुरोध गर्नु पर्नेछ।

सक्कल कागजातमा भएबमोजिमका विवरणहरू प्रिइनरोलमेण्ट फाराममा भए नभएको एकएक गरी भिडाउनुपर्ने छ। पहिले लिएको राहदानीसँग मेल खाएको छ छैन सो समेत भिडाउनु पर्नेछ। पहिले लिएको राहदानीमाभन्दा फरक विवरण पाएमा त्यसलाई पुष्टि गर्ने आधार अनिवार्य रूपमा पेश गर्न लगाउनु पर्नेछ। कारण सहितका यथेष्ट प्रमाण नभएमा प्रमाणीकरण (भ्यालिडेशन) अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

त्यस अलावा रुजू अधिकारीले विशेष ध्यान दिनुपर्ने कुराहरूमा (१) नामको स्पेलिङ्ग, (२) थर र नाममा गरिएको वर्गीकरण (जस्तै हरि पुन मगर नाम छ भने नाममा हरि र थरमा पुन मगर लेख्नुपर्ने छ। नाममा हरि पुन लेखे रिजेक्ट हुनेछ। त्यस्तै सीता यादव आचार्य नाम भएमा नाममा सीता थरमा यादव आचार्य लेख्नुपर्ने छ) (३) जन्मस्थानमा नेपालमा भए जिल्ला विदेशमा भए देशको नाम उल्लेख गर्नु पर्नेछ। पहिले लिएको राहदानी भन्दा यो विवरण फरक पार्न पाइने छैन। पहिले गलत उल्लेख हुन गएको भए यथेष्ट प्रमाण पेश गर्नु पर्नेछ (४) जन्म मितिः विक्रम सम्बत् र इस्वी सम्बत् खुलाएको जन्म मिति सही रुजू गर्नु पर्नेछ। पहिले लिएको राहदानी वा नागरिकता भन्दा फरक जन्म मिति पाइएमा उचित आधार, यथेष्ट कारण सहितको प्रमाण पेश गर्न लगाउनु पर्नेछ। (५) नागरिकता नम्बर (६) राष्ट्रिय परिचय पत्र नम्बर (७) पुरानो राहदानी नम्बर, त्यसको जारी मिति र जारी स्थान (८) नेपालमा खबर गर्नुपर्ने व्यक्तिको नाम र ठेगाना (कहिलेकाही निवेदकले आफ्नै नाम लेख्ने गरेको पाईको छ। यस्तो गरेको अवस्थामा आवेदन फाराम रिजेक्ट हुन्छ।)

उल्लिखित सबै विवरण जाँच गरी ठीक पाइएमा निवेदकले ल्याएको फाराममा रुजू गर्ने अधिकारीले नाम, दर्जा, दस्तखत र मिति लेखी राजस्व भुक्तानीका लागि पठाउनु पर्नेछ।

### २.३ **राहदानी शुल्क तिर्ने** (Revenue Collection)

राहदानी शुल्क भुक्तानीका लागि राजस्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System–RMIS) बाट प्रत्येक व्यक्तिका नाममा छुट्टाछुट्टै कोड तयार (Generate) गरी त्यही कोडका आधारमा सम्बन्धित व्यक्ति निवेदकका नामबाट बैंक वा अनलाइन (हाल e–Sewa) मार्फत राजस्व सङ्कलन गर्नु पर्नेछ। राजस्वको दर राहदानी नियमावली २०७७ को अनुसूची ४ बमोजिम हुनेछ। राजस्व भुक्तानी पछि राजस्व भुक्तानीको कोड सहितको भौचर दिएर लाइभ इन्रोलमेण्ट (Live Enrollment) एकाइमा बायोमेट्रिक गर्नका लागि पठाउनु पर्नेछ।

२.४ **लाइभ इनरोलमेण्ट** (Live Enrollment)

कागजात अपलोड भए नभएको हेर्नुपर्ने छ। भेरिफिकेशनबाट कुनै निर्देशन प्राप्त भएको भए सो अनुसारको कार्य गर्नु पर्नेछ। सक्कल कागजात बमोजिमको विवरण भिडाई हेर्नुपर्ने छ। त्यसपछि निवेदकको ल्याप्चे सहिछाप लिने र फोटो खिच्ने कार्य गर्नु पर्नेछ। ल्याप्चे सहिछाप बुढी औँलाको नमिलेमा अर्को कुनै औँलाको लिनु पर्नेछ। कुनै पनि औँलाको ल्याप्चे लिन नसकिने भएमा ल्याप्चे सहिछाप बाईपास गर्नु पर्नेछ। तर त्यसका लागि ल्याप्चे बाईपास गर्ने अधिकारीको नाम पद र दस्तखत सहितको स्वीकृति फाराममा नै उल्लेख भएको हुनुपर्ने। तत्पश्चात् निवेदकको सबै औँलाको सहीछाप निवेदन फारामको पछाडि बुझिने गरी लिई त्यसलाई पनि स्क्यान गरी अपलोड गर्नु पर्नेछ। सबै कागजातहरू रुजू भएपछि विवरणहरू निवेदकले भने बमोजिमको छ छैन जाँच गर्न फाराममा लेखिएको विवरण ठीक छ छैन जाँच गरी फरक परे संशोधन गरेर दुरुस्त भए सोही फाराममा दस्तखत गर्न निवेदकलाई दिनुपर्ने छ। रुजू गराई निवेदकको दस्तखत लिई सकेपछि त्यस फारामलाई पनि अनिवार्य अपलोड गर्नुपर्ने छ। निवेदकको दस्तखतको तलपट्टि फाराम बुझाएको मिति र enrollment centre को नाम लेख्नुपर्ने छ। निवेदकसँग कुनै विवाद भएमा वा निवेदकले पेश गरेका कागजातहरूमा शङ्का लागेमा validation officer समक्ष पेश गर्नुपर्ने छ।

<u>अपलोड गरिने फाराममा खुलाउनु पर्ने विषयहरू</u>

१. निवेदकले रुजू गरेपछि निवेदकको दस्तखत, मिति र इन्रोलमेण्ट सेन्टरको ठेगाना।

२. निवेदक नाबालक भएको खण्डमा अनिवार्य रूपमा निवेदकको आमा, बुबा वा तोकिएको संरक्षक मध्ये एकको पनि फाराममा दस्तखत लिनुपर्छ।

३. रिजेक्ट भएका निवेदकहरूको हकमा भ्यालिडेशन अधिकारीको दस्तखत सहित के कारणले re–process गरिएको हो सो खुलाइएको फाराम अपलोड गर्नुपर्ने छ।

४. अफिसियल/पर्सनल इररका कारणबाट re–process गरिएको भएमा पनि भ्यालिडेशन अधिकारीको दस्तखत सहित के अफिसियल/पर्सनल इरर भएको हो सो खुलाइएको फाराम अपलोड गर्नुपर्ने छ।

५. राहदानीको म्याद १ वर्षभन्दा बढी भएका तर पाना सकिएर नयाँ बनाउनु परेको अवस्थाका राहदानी निवेदकहरूको हकमा पनि भ्यालिडेशन अधिकारीको दस्तखत सहितको व्यहोरा खुलेको फाराम अपलोड गर्नु पर्नेछ।

६. राजस्व कति लिइएको छ सो पनि खुलाएको हुनुपर्ने छ।

७. खुलाउनु पर्ने अन्य कुनै विषय/व्यहोरा भए भ्यालिडेशन अधिकारीको दस्तखतसहित विषय/व्यहोरा खुलेको फाराम अपलोड गर्न सकिनेछ।

२.५ **भ्यालिडेशन** (Validation)

राहदानीको लागि पेश गरेको निवेदन रिजेक्ट हुनसक्ने अवस्थामा बाहेक पेश गरेका कागजातका आधारमा राहदानीको निवेदन स्वीकृत गर्ने कार्य भ्यालिडेशनबाट हुन्छ। राहदानीको निवेदन रिजेक्ट हुनसक्ने कारण तल खुलाइएको छ। कागजात नमिलेमा, विवरण फरक परेमा वा कुनै कारणवश राहदानी जारी गर्न नसकिने भएमा राहदानी निवेदन रिजेक्ट हुन्छ। यसरी निवेदन रिजेक्ट हुनासाथ सो को जानकारी SMS मार्फत निवेदक समक्ष पुग्नेछ। तसर्थ राहदानीको निवेदन रिजेक्ट गर्नु पर्नाको कारण छोटकरीमा बुझिने गरी खुलाउनु पर्नेछ। यसरी SMS मा प्राप्त भएको कारण मुताबिक निवेदकले ती कागजात सङ्कलन गरी पुनः निवेदन गर्न सक्नेछन्।

२.६ **केन्द्रीय अनुसन्धान** (Central Investigation)

कागजात नमिलेमा, विवरण फरक परेमा वा अन्य कुनै कारणवश राहदानी जारी गर्न नसकिने भएमा राहदानीको निवेदन रिजेक्ट हुन्छ। यसरी निवेदन रिजेक्ट हुनासाथ सो को जानकारी SMS मार्फत निवेदक समक्ष पुग्नेछ। तसर्थ राहदानीको निवेदन रिजेक्ट गर्नु पर्नाको कारण छोटकरीमा बुझिने गरी खुलाउनु पर्नेछ। यसरी SMS मा प्राप्त भएको कारण मुताबिक निवेदकले ती कागजात सङ्कलन गरी पुनः निवेदन गर्न सक्नेछन्।

राहदानी विभागको केन्द्रीय अनुसन्धान एकाइमा केके कारणले राहदानी रद्द हुन सक्छन् भन्ने तल खण्ड तीनमा उल्लेख गरिएको छ।

२.७ **छपाइ** (Printing)

स्वीकृत राहदानी छपाइमा जानेछन्। छपाइ पश्चात् निवेदन दर्ता भएको केन्द्र छुट्याई गुणस्तर परीक्षणका लागि जानेछन्।

२.८ **गुणस्तर परीक्षण** (Quality Control)

राहदानीको गुणस्तर- फोटो, लेमिनेशन, अक्षर, युभि रे, च्यातिए नच्यातिएको, मेसिनले पढ्न सक्ने नसक्ने जस्ता सबै अन्तर्राष्ट्रिय स्तरमा तोकिएका मापदण्ड बमोजिमका सुरक्षा विशेषताहरूको जाँच यहाँ गरिन्छ। गुणस्तर फेल भएका राहदानीहरू पुनः छपाइका लागि पठाइन्छ।

२.९ **बक्स प्याकेजिङ्ग** (Box Packaging)

गुणस्तर पास भएका राहदानीहरू इनरोलमेण्ट कोड अनुसार छुट्ट्याई प्याकेजिङ्ग गरिन्छन् ।

२.१० **बक्स डिस्याच** (Box Dispatch)

प्याकेजिङ्ग भएका राहदानी राखिएको बक्समा अर्को बारकोड राखी सबै राहदानीको सूचि सहित डिस्प्याच गरिन्छ ।

२.११ **बक्स रिसिभिङ्ग** (Box Receiving)

डिस्प्याच भएको सूचि अनुसारको राहदानी वितरण केन्द्रमा बक्स नै रिसिभ गरिन्छ । त्यसपछि बक्समा सूचिमा उल्लेख भए बमोजिमको राहदानी भए नभएको जाँच गरिन्छ । सो रुजू भएपछि राहदानीहरू निवेदकलाई वितरण गर्न योग्य हुन्छन् ।

२.१२ **सन्देश प्रवाह** (Messaging)

तयार भएका राहदानीहरूको बक्स रिसिभ भएपछि निवेदकहरूलाई राहदानी बनेको सूचना प्रवाह हुन्छ । सोही बमोजिम राहदानी वितरण गर्ने एकाइले कार्य योजना बनाउनु पर्नेछ ।

२.१३ **जारी तथा सुरक्षण गर्ने** (Issue and Secure)

वितरण शाखाले वितरण भएका राहदानीहरूको दैनिक सूचीकरण गर्नु पर्नेछ । व्यक्तिगत राहदानी वितरण गर्दा प्रणालीबाट Issue गरी राहदानी secure भएपछि मात्र वितरण गर्नु पर्नेछ । Secure नभएको राहदानी विद्युतीय राहदानी प्रणालीमा आबद्ध हुनेछैन ।

# खण्ड तीन : विद्युतीय राहदानी आवेदन अस्वीकृत हुने अवस्था

## ३.१ राहदानी आवेदन अस्वीकृत हुने कारणहरू

**१. आवेदनको प्रकार नै गलत छनौट भएमाः**

- पहिलो पटक राहदानी लिन, म्याद सकिएको राहदानी नवीकरण गर्न, हराएको/चोरिएको राहदानीको सट्टामा तथा बिग्रेको राहदानीको सट्टामा मध्ये गलत प्रकार छनौट गरेको अवस्थामा आवेदन अस्वीकृत हुन्छ।
- पहिले यन्त्रवाचक राहदानी लिएकाले नयाँ राहदानीको प्रकार छनौट गरी आवेदन गरेमा आवेदन अस्वीकृत हुन्छ।
- पहिले हस्तलिखित राहदानी लिएकाको हकमा भने पहिलो पटक राहदानी लिन भन्ने प्रकार छनौट गरी आवेदन फाराम भर्नुपर्छ। यस अवस्थामा म्याद सकिएको राहदानी नवीकरण गर्न भन्ने प्रकार छनौट गरेमा आवेदन अस्वीकृत हुन्छ।
- यसरी अस्वीकृत भएको अवस्थामा पुनः अनलाइन आवेदन फाराम भर्नुपर्ने हुन्छ।

**२. पहिले लिएको यन्त्रवाचक राहदानी (MRP) को विवरण नराखी फाराम भरेमाः**

- भुलेर, लुकाएर वा जुनसुकै कारणले पनि पुरानो यन्त्रवाचक राहदानीको विवरण नराखेको पाइएमा आवेदन अस्वीकृत हुन्छ र यस्तो अवस्थामा पुनः अनलाइन फाराम भर्नुपर्ने हुन्छ।

**३. नागरिकता नम्बर गलत भरेको भएमा वा पहिलेको राहदानीमा उल्लेख भएको भन्दा फरक नागरिकता नम्बर भरेको पाइएमाः**

- पहिलेको राहदानीमा उल्लेख भएकोभन्दा आवेदन फाराममा फरक नागरिकता नम्बर भएको भए आवेदन अस्वीकृत हुन्छ र यस्तो अवस्थामा फरक नागरिकता नम्बर हुनाको यथेष्ट प्रमाण पेश गर्नुपर्ने हुन्छ।

**४. दोहोरो नागरिकता लिएको पाइएमाः**

- यस अवस्थामा नागरिकता जारी गर्ने निकायबाट निर्णय भई दुवै नागरिकता रद्द गरी नयाँ नागरिकता जारी गरिएको लिखित प्रमाणसहितको नागरिकता लिएर आउने वा कारणसहित कुनै एक नागरिकता रद्द भएको प्रमाण पेश गर्नुपर्ने हुन्छ। साथै सो

निर्णयको छोटकरी विवरण जारी भएको नयाँ नागरिकता प्रमाण पत्रमा उल्लेख भएको हुनुपर्ने हुन्छ। यसरी कागजात प्राप्त भएको अवस्थामा निवेदकलाई राहदानी जारी गर्न मिल्ने नमिल्ने राहदानी विभागले निर्णय गर्नुपर्ने हुन्छ।

**५. गलत पृष्ठको राहदानी छनौट गरेमाः**

- ३४ पृष्ठको राहदानीको दस्तुर बुझाएको छ तर ६६ पृष्ठको राहदानी माग गरेको छ भने वा राहदानीको पृष्ठ अनुसार राहदानी दस्तुर फरक फरक कायम भएको हुनाले दस्तुर फरक परेमा आवेदन फाराम अस्वीकृत हुन्छ।

**६. जन्मस्थान गलत उल्लेख गरेमाः**

- नेपालमा जन्मेको भए आफू जन्मेको जिल्ला लेख्नुपर्छ। जन्मेको गाउँ लेखेमा अस्वीकृत हुन्छ। विदेशमा जन्मेको भए त्यो देशको नाम लेख्नुपर्छ। जन्मेको सहर लेखेमा पनि अस्वीकृत हुन्छ। सो बाहेक अन्यथा लेखिएको पाइएमा आवेदन अस्वीकृत हुन्छ। त्यसैगरी पहिलेको राहदानी भन्दा फरक जन्म मिति उल्लेख भएको पाइएमा पनि आवेदन फाराम अस्वीकृत हुन्छ।

**७. जरुरी परेमा सम्पर्क गर्ने विवरणः**

- परिवारका सदस्य वा नातेदार वा नजिकका व्यक्तिको नाम र ठेगाना लेख्नुपर्छ। आफ्नै नाम र ठेगाना लेख्नु हुँदैन। आफ्नै नाम लेखेमा आवेदन फाराम अस्वीकृत हुन्छ।

**८. पहिलेको राहदानी भन्दा फरक विवरण पेश गरेमाः**

- उदाहरणका लागि पहिलेको राहदानीमा "राधा घले गुरुङ्ग लेखिएकोमा राहदानी नवीकरणको फाराममा राधा घले मात्र लेखिएमा" आवेदन फाराम अस्वीकृत हुनसक्छ। यस्तो अवस्थामा विवरण फरक पर्नाको कारण सहितको प्रमाण पेश गर्नुपर्छ। त्यस्तो प्रमाणमा सबन्ध विच्छेदको प्रमाण पत्र, नाम परिवर्तन भएको भए सो को निर्णय सहितको प्रमाण पेश गर्नुपर्छ। जन्म मिति परिवर्तन भएको भए सो को निर्णय सहितको प्रमाण वा SEE, +2 का जन्म मिति खुलेका कागजातहरू अपलोड गरेको हुनुपर्छ।

**९. फोटोको मापदण्ड नमिलेको कारणः**

- उदाहरणका लागि खिचिएको फोटोको पृष्ठभूमि सेतो बाहेकको भएको पाइएमा, धेरै गरगहना लगाएर फोटो खिचिएको भएमा, टाउको काटिएको, कान नदेखिएको,

क्यामेरामा नहेरी अन्यत्र हेरेको, तलमाथि दायाँबायाँ हेरेको, फोटो बाङ्गो भएको, फोटोमा छाँया परेको, फोटो अँध्यारो भएको, फोटो टल्केको, हात लगायत अन्य अङ्ग देखिएको, हाँसेको, रोएको, मुख खुलेको, दाँत देखिएको, आँखा चिम्लेको, अनुहारमा रङ्ग वा अन्य चीज दलेको आदि भएमा आवेदन फाराम अस्वीकृत हुनसक्छ।

- कस्तो फोटो उपयुक्त हुने र कस्तो फोटो अस्वीकृत हुनसक्ने भन्ने सम्बन्धमा फोटोको मापदण्ड तल छुट्टै उल्लेख गरिएको छ।

१०. **नाम र थर लेख्दा त्रुटिः**

- सुरुको नाम र बीचको नाम एउटै कोठामा लेख्नुपर्छ। थरमा थर मात्र लेख्नुपर्छ। जस्तैः राम बहादुर मगर नाम भएमा- नाममा राम बहादुर र थरमा मगर लेख्नु पर्छ। नाम राम बहादुर घर्ती मगर भएमा- नामको महलमा राम बहादुर र थरको महलमा घर्ती मगर लेख्नुपर्छ। अन्यथा भएमा आवेदन फाराम अस्वीकृत हुन्छ।

११. **नामको स्पेलिङ्ग गलत हुने गरेको** :

- आफ्नो नागरिकता, आफूले अध्ययन गरेको प्रमाणपत्र तथा पुरानो राहदानीमा उल्लेख भएको नामको स्पेलिङ्गलाई ख्याल गरेर टाइप गर्नुपर्छ। नाम, थर, जन्म मिति, जन्म स्थान आदि फरक परेको पाइएमा पनि आवेदन फाराम अस्वीकृत हुनसक्छ।

**फाराम भरिसकेपछि आवेदनको प्रकार गलत छनौट गरेको अवस्था बाहेक अन्य विवरणहरूमा सामान्य त्रुटि भएमा रुजू अधिकारी वा लाइभ इनरोलमेन्ट गर्ने अधिकारीले संशोधन गर्न सक्नेछन्। तर तस्विर खिची फाराम ठीक छ भनेर हस्ताक्षर गरेपछि कुनै विवरण संशोधन हुने छैन। यसपछि कुनै त्रुटि भएको भए पुनः फाराम भरी थप दस्तुर तिर्नुपर्ने हुँदा पहिलो पटक फाराम भरेको अवस्थामा नै विशेष ध्यान दिनुपर्ने हुन्छ। यस्तो कुराको जानकारी आवेदकलाई रुजू कक्ष र लाइभ ईनरोलमेण्ट सेन्टरमा पनि दिनुपर्ने हुन्छ।**

१२. १६ वर्ष माथिका र नेपालमै आवेदन गर्ने आवेदकहरूको लागि राष्ट्रिय परिचयपत्र वा सोको नम्बर अनिवार्य आवश्यक पर्छ। विदेशबाट आवेदन दिने र १६ वर्ष भन्दा कम उमेरका आवेदकहरूको हकमा अनिवार्य छैन। भौतिक कार्ड आउन समय लागे पनि नम्बर तुरुन्त पाउन सकिन्छ र सो नम्बर स्वीकृत भएको छ भने मात्र राहदानी बनाउन सकिन्छ। भौतिक कार्ड नै भएमा अझै सजिलो हुन्छ। राष्ट्रिय परिचय पत्र नम्बर उल्लेख नभएको पाइएमा पनि आवेदन फाराम अस्वीकृत हुनसक्छ।

१३. नाबालकको हकमा नाबालक परिचयपत्रको आधिकारिकता पुष्टि गरेको तस्विर सहितको पत्र आवश्यक पर्छ। यदि नेपालमा नै यन्त्रवाचक राहदानी बनाएको भए यस्तो पत्र आवश्यक पर्दैन।

१४. भरेको विवरण र पेश गरेका कागजातहरूमा शङ्का लागेमा पनि आवेदन अस्वीकृत हुनसक्छ। त्यस अवस्थामा विभाग वा कार्यालयले निवेदकलाई जिल्ला सिफारिस वा थप प्रमाण पेश गर्न लगाउन सक्नेछ।

१५. निवेदकसँगको परामर्शमा फाराममा उल्लेख गरिएको पुस्ट्याई भ्यालिडेशन अधिकारीबाट प्रमाणित नगरी फाराम अपलोड गरिएको पाइएमा पनि आवेदन अस्वीकृत हुनसक्छ।

१६. राहदानीका विवरणहरू अर्को व्यक्तिसँग जुध्न गएमा पनि राहदानीको आवेदन अस्वीकृत हुनसक्छ। त्यस्तो अवस्थामा विवरणहरू छुट्याएपछि मात्र पुनः आवेदन दर्ता गर्नुपर्ने हुन्छ। यसका लागि राहदानी विभागमा सम्पर्क गर्नुपर्ने र राहदानी विभागले पनि सोको जानकारी सम्बन्धित जिल्ला/ईलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोगहरूलाई दिनुपर्ने हुन्छ।

१७. निवेदकको फोटो अर्को व्यक्तिसँग जुधेमा आवेदन अस्वीकृत हुनसक्छ। तर त्यस्तो व्यक्ति जुम्ल्याहा भएको भएमा दुबैको फोटो, ल्याप्चे, सहिछाप र विवरण राखी प्रमाणित प्रति पेश गर्न लगाउन सकिनेछ। सो कागजातका आधारमा निर्णय गर्न सकिने हुन्छ।

१८. तोकिएका सबै कागजातको सक्कल ल्याउनुपर्छ। थप प्रमाण आवश्यक पर्ने भए त्यस्ता कागजातहरूको पनि सक्कल लिएर आउनुपर्छ। तर तिनका फोटोकपीहरू भने आवश्यक पर्दैन।

१९. लाइभ इनरोलमेन्ट सेन्टरमा प्रत्यक्ष तस्विर खिचिने हुनाले तस्विर साथमा ल्याउनु पर्दैन।

२०. विद्युतीय राहदानीमा सानो त्रुटि हुँदा पनि संशोधन गर्न धेरै दुःख हुनसक्छ। थप राजस्व पनि तिर्नुपर्ने हुनसक्छ। तसर्थ फाराम भरिसकेपछि कृपया सबै विवरण दोहोर्याएर पढ्नुहोला र एक एक भिडाएर हेर्नुहोला भनी बारम्बार आवेदकलाई जानकारी गराउनु पर्छ।

### ३.२ राहदानीका लागि फोटो सम्बन्धी मापदण्ड

लाइभ इनरोलमेन्ट गर्दा आवेदन सेन्टरमा नै फोटो खिचिन्छ। पहिले खिचेको फोटो लिएर जानु आवश्यक छैन। विद्युतीय राहदानीका लागि आवश्यक फोटो सम्बन्धी मापदण्ड निम्नानुसार हुनुपर्छ।

१. फोटो सादा हल्का रङको पृष्ठभूमिमा समान प्रकाशको साथ खिचेको हुनुपर्छ।

२. अगाडि हेरेको, टाउकोको माथि र काँधको माथिल्लो भागमा फोकस केन्द्रित भएको हुनुपर्छ ताकि अनुहारले फोटोको ७०-८०% लिएको तथा दाग र धर्सारहित उच्च गुणस्तरको हुनुपर्छ।

३. फोटो धमिलो मसीले चिन्ह लगाइएको/धोइएको वा धेरै गाढा, धेरै हल्का, धेरै नजिक, धेरै टाढा हुनु हुँदैन।

४. छालाको प्राकृतिक रङ्गसँग मेल नखाने, रातो आँखा भएको, व्यस्त पृष्ठभूमि भएको, आँखा झुकेको, आँखाभरि कपाल भएको, आँखा बन्द भएको, टाउको पछाडि छायाँ भएको वा अनुहारभरि छायाँ भएको फोटो पनि स्वीकार हुँदैन।


५. चस्माबाट कुनै पनि फ्ल्यास प्रतिबिम्ब बिना आँखा स्पष्ट रूपमा देखाएको हुनुपर्छ र कुनै टिन्टेड लेन्सहरू प्रयोग गरेको हुनुहुन्न।

६. धार्मिक कारणहरू बाहेक टाउको छोप्ने अनुमति छैन तथा चिउँडोको तलदेखि निधारको माथिसम्म अनुहारको दुवै किनाराहरू स्पष्ट रूपमा देखिएको हुनुपर्छ।

७. तटस्थ अभिव्यक्तिको साथ क्यामेरा हेर्दै र मुख बन्द गरेको दुबै कान देखिएको, आँखा खुल्ला भएको फोटो हुनुपर्छ।

८. अपवादः यदि शारीरिक कमजोरी, अटिजम वा अन्य कुनै कठिनाइका कारण सीधा हेर्न सम्भव नभएको अवस्थामा आधिकारिक अधिकारीले आवेदन फारममा प्राकृतिक तस्बिर उल्लेख गरी प्रमाणित गरेको हुनुपर्छ।

९. फोटो खिच्ने सामान्य तरिका चित्रमा देखाइएको छ।



Camera-to-subject distance CSD
Sensor plane
Image sensor height h
Camera
Lens of focal length f
Optical axis
Vertical view angle
Subject plane
Crown to chin
Vertical field of view H
Image on sensor
h
IED Sensor
Subject
H
IED Subject


BAD QUALITY IMAGES
BAD QUALITY IMAGES
GOOD QUALITY IMAGES
HAZE
OUT OF FOCUS
YELLOW
RED
ASPECT




too close
too far away



**तल उल्लिखित फोटोको कारणले पनि आवेदन फाराम अस्वीकृत हुनसक्छ ।**

- माथि लेखिएको फोटो सम्बन्धी निर्देशनभन्दा फरक फोटो पाइएमा ।
- फोटोको ब्याकग्राउण्ड सेतो सफा नभएको, पृष्ठभूमि लतपतिएको, खुम्चिएको, कुनै दाग भएको भएमा अस्वीकृत हुन्छन् ।
- धेरै गरगहना लगाएर फोटो खिचिएको ।
- टाउको काटिएको, कान नदेखिएको ।
- क्यामेरामा नहेरी अन्यत्र हेरेको, तलमाथि दायाँ वायाँ हेरेको ।
- फोटो बाङ्गो भएको, फोटोमा छाँयाँ परेको, फोटो अँध्यारो भएको, फोटो टल्केको ।
- हात लगायत अन्य अङ्ग देखिएको, हाँसेको, रोएको, मुख खुलेको, दाँत देखिएको, आँखा चिम्लेको, अनुहारमा रङ्ग वा अन्य चिज दलेको ।
- अरूको अङ्ग देखिएको, अरूको हात औँला देखिएको (विशेष गरेर बच्चाको फोटो खिच्दा यस्तो देखिने गरेको) ।
- बच्चाको फोटो स्क्यान गर्दा फोटोकै दाग देखिएमा वा फोटोको वरिपरि वा कुनै एकापट्टि लाइन देखिएमा ।
- फोटोमा बोर्डर भएको पाइएमा अर्थात् बोर्डर भएको फोटो राख्न नपाइने ।
- फोटो ब्याकग्राउण्डमा लाइन वा दुई कलर देखिएमा ।
- फाल्टू कपडा वा अन्य कुनै वस्तु वा कसैको अङ्ग वा आफ्नै छातीभन्दा मुनिका कुनै अङ्ग वा भाग देखिएमा पनि फोटो अस्वीकृत हुन्छ ।
- फोटोमा टीका वा दाग लागेको भएमा ।

**<u>राम्रा देखिए पनि तलका फोटो अस्वीकृत हुन्छन्</u>**

| | | | | |
|---|---|---|---|---|
|  |  |  |  |  |
| आँखा नदेखिएको वा सोझो नहेरेको | अरु अङ्ग हात देखिएको | ब्याकग्राउण्डमा अरु व्यक्तिको अङ्ग देखिएको कालो चश्मा लगाएको | ब्याकग्राउण्ड दुई वा २ भन्दा बढी कलर देखिएको | अरु अङ्ग हात देखिएको |
|  |  |  |  |  |
| अरु अङ्ग उठेको वा हात देखिएको | अरु व्यक्तिको अङ्ग देखिएको, वाहकको हात देखिएका | टाउको काटिएको | केही चिज खादै गरेको वा वोकेको | कालो टिका निधार वा अन्य भागमा लगाएको |

- अरूको अनुहारसँग फोटो मेल खाएको पाइएमा पनि आवेदन फाराम अस्वीकृत हुनसक्छ। सामान्यतया जुम्ल्याहा निवेदकको हकमा त्यस्तो हुनसक्छ। निवेदक जुम्ल्याहा भएमा दुबैको फोटो, विवरण, ल्याप्चे आदि लगाएर जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयबाट नाता प्रमाणित गरी पेश गर्नुपर्ने हुन्छ।

# खण्ड चार : विद्युतीय राहदानी शुल्क

**<u>राहदानीका लागि लाग्ने राजस्व विवरण</u>**

<table>
<tr><td colspan="5">राहदानी विभागमा द्रुत सेवाको लागि राजस्व</td></tr>
<tr><td rowspan="2">राहदानीको प्रकार</td><td colspan="2">राहदानी शुल्क (१० वर्ष उमेरभन्दा माथिका सबै)</td><td colspan="2">नाबालक १० वर्ष उमेरभन्दा कमका हकमा</td></tr>
<tr><td>नयाँ वा नवीकरण</td><td>हराएको च्यातिएको</td><td>नयाँ वा नवीकरण</td><td>हराएको च्यातिएको</td></tr>
<tr><td>साधारण राहदानी (३४ पृष्ठ)</td><td>१२,०००</td><td>१७,०००</td><td>९,५००</td><td>१४,५००</td></tr>
<tr><td>साधारण राहदानी (६६ पृष्ठ)</td><td>२०,०००</td><td>२५,०००</td><td>१४,५००</td><td>१९,५००</td></tr>
<tr><td colspan="5">जिल्ला/ईलाका प्रशासन कार्यालयमा राहदानीको लागि सामान्य सेवाको राजस्व</td></tr>
<tr><td>राहदानीको प्रकार</td><td colspan="2">राहदानी शुल्क (१० वर्ष उमेरभन्दा माथिका सबै)</td><td colspan="2">नाबालक १० वर्ष उमेरभन्दा कमका हकमा</td></tr>
<tr><td></td><td>नयाँ वा नवीकरण</td><td>हराएको च्यातिएको</td><td>नयाँ वा नवीकरण</td><td>हराएको च्यातिएको</td></tr>
<tr><td>साधारण राहदानी (३४ पृष्ठ)</td><td>५,०००</td><td>१०,०००</td><td>२,५००</td><td>७,५००</td></tr>
<tr><td>साधारण राहदानी (६६ पृष्ठ)</td><td>१०,०००</td><td>१५,०००</td><td colspan="2">६६ पृष्ठको राहदानी जारी गरिनेछैन ।</td></tr>
<tr><td colspan="5">हराएको च्यातिएको राहदानीको हकमा तोकिएको दस्तुरमा थप पाँच हजार रुपैयाँ कायम भएको ।</td></tr>
<tr><td colspan="5">निवेदकको त्रुटिका कारण एक वर्षभित्र अर्को नयाँ राहदानी जारी गर्दा पाँच हजार रुपैयाँ दस्तुर लाग्नेछ ।</td></tr>
</table>

| **विदेशस्थित नेपाली नियोगहरूमा राहदानी नवीकरण वा नयाँ बनाउनको लागि विशेष सेवाको राजस्व** | | |
|---|---|---|
| विदेशस्थित नेपाली नियोगहरू | राहदानी शुल्क (१० वर्ष उमेरभन्दा माथिका सबै) | |
| | राहदानी ३४ पृष्ठ | राहदानी ६६ पृष्ठ |
| (ख) उत्तर र दक्षिण अमेरिकी महादेश अन्तर्गतका देशहरू, अष्ट्रेलिया, न्यूजिल्याण्ड, जापान, दक्षिण कोरिया र हङ्कङ्ग | युएस डलर १५० | युएस डलर २०० |
| (ग) रूसी महासङ्घ र नेपाली राजदूतावास मस्कोको सहप्रमाणीकृत मुलुक र साइप्रस | युरो ८० | युरो १३० |
| (घ) खण्ड ग बाहेकका युरोपेली देशहरू | युरो १२० | युरो १७० |
| (ङ) मलेसिया, कतार, साउदी अरेविया, संयुक्त अरब इमिरेट्स, बहराइन, लेबनान, इराक, इरान, कुवेत, इजरायल, सिरिया, जोर्डन, ओमान, र यमन स्थित नियोग र सो नियोगको सहप्रमाणीकृत मुलुकको लागि निवेदन दिँदा | युएस डलर ५० | युएस डलर १०० |
| (च) खण्ड ख, ग, र ङ बाहेकका अन्य एसियाली, अफ्रिकी र बाँकी सबै देशहरूमा निवेदन गर्दा | युएस डलर ८० | युएस डलर १३० |
| हराएको च्यातिएको राहदानीको हकमा माथि नियोगका लागि तोकिएको दस्तुर बराबरको थप दस्तुर लाग्नेछ। | | |
| निवेदकको त्रुटिका कारण अर्को नयाँ राहदानी जारी गर्दा माथि नियोगका लागि तोकिएको दस्तुर बराबरको थप दस्तुर लाग्नेछ। | | |
| कार्यालयको त्रुटिका कारण एक वर्षभित्र अर्को नयाँ राहदानी जारी गर्नु परेमा थप दस्तुर लाग्नेछैन। | | |
| विदेशस्थित नेपाली नियोगहरू मार्फत दश वर्षभन्दा कम उमेरका नाबालकहरूको राहदानी नवीकरण गर्न वा नयाँ बनाउनु परेमा खण्ड ख, ग, घ, ङ र च बमोजिम लाग्ने दस्तुरको आधा दस्तुर लाग्नेछ। | | |

- राहदानी विभागबाट जारी गरिने यात्रा अनुमति पत्रका लागि रु. चार हजार लाग्नेछ।
- नियोगबाट जारी गरिने यात्रा अनुमति पत्रका लागि अमेरिकी डलर पचास वा सो बराबरको स्थानीय मुद्रा दस्तुर लाग्नेछ।
- राहदानी विभागबाट जारी गरिने सिम्यान्स अभिलेख किताबका लागि रु. बाह्र हजार दस्तुर लाग्नेछ।
- नियोगबाट जारी गरिने सिम्यान्स अभिलेख किताबका लागि अमेरिकी डलर एक सय बीस वा सो बराबरको स्थानीय मुद्रा दस्तुर लाग्नेछ।
- अस्थायी राहदानीको लागि पचास अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा दस्तुर लाग्नेछ।

# खण्ड पाँच : विविध

**अन्य महत्वपूर्ण जानकारीहरू**

१. राहदानी हराएमा, च्यातिएमा वा कुनै कारणले बिग्रिएर नयाँ राहदानी बनाउनु परेमा नयाँ राहदानी बनाउँदा पूरा गर्नुपर्ने सम्पूर्ण प्रक्रियाहरू पुरा गर्नुपर्ने र नेपालमा पाँच हजार रुपैयाँ अतिरिक्त शुल्क र नेपाली नियोगहरूमा त्यहाँको लागि तोकिएको शुल्कको दोब्बर शुल्क तिर्नुपर्ने भएकाले आफ्नो राहदानी सुरक्षित राख्नु होला।

२. राहदानी हराएको कारण नयाँ राहदानी बनाइसकेपछि हराएको भनिएको राहदानी भेटिएमा जुन कार्यालयबाट राहदानी बनाइएको हो, सोही कार्यालयमा सम्पर्क गरी उक्त राहदानी रद्द गराउनु पर्नेछ। हराएको राहदानी भेटिए तापनि यसको अभिलेख INTERPOL लगायत सम्बन्धित निकायहरूमा पठाइने भएकाले त्यस्तो राहदानी लिइ यात्रा गर्न पाइने छैन। यात्रा गरेमा सम्बन्धित मुलुकको अध्यागमन नियम अनुसार कारबाही हुने भएकोले त्यस्तो राहदानी लिई यात्रा गर्नु नहुने।

३. राहदानी हराएमा पत्रपत्रिकामा सूचना जारी गर्नुपर्दैन र प्रहरी प्रतिवेदन पनि पेश गर्नु पर्दैन।

४. राहदानी विभाग वा जिल्ला/इलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोगहरूमा, राहदानी हरायो भनी निवेदन पेश गरेर नयाँ राहदानी लिन सकिने छ। नयाँ राहदानी जारी भइसकेपछि पुरानो राहदानी फेला परेमा पनि त्यसको विवरण INTERPOL मा गइसकेको हुनाले राहदानी विभागको प्रणालीबाट हटाउन सकिँदैन।

५. राहदानीका लागि पेश गरेका कागजातहरूमा शङ्का लागेमा जिल्लाको सिफारिस वा कागजात जाँच गराउन जिल्ला प्रशासन कार्यालय लगायतका सम्बन्धित निकायमा पठाउन सकिनेछ।

६. नाबालकका लागि निवेदन पेश गर्दा निजका बाबु, आमा वा नाबालक परिचय पत्रमा नाम उल्लेख भएका संरक्षक वा माथवर व्यक्ति अनिवार्य उपस्थित हुनुपर्ने।

७. राहदानी नवीकरण गर्न आउँदा पुरानो राहदानीको सक्कल (म्याद सकिएको भएपनि) अनिवार्य रूपमा पेश गर्नुपर्ने छ। पुरानो राहदानीको सक्कल पेश गर्न नसकेमा नियमानुसारको थप दस्तुर बुझाउनु पर्नेछ।

८. राहदानी छपाई हुँदा कुनै त्रुटि भएमा नयाँ राहदानी जारी हुन्छ। यदि विभाग/कार्यालयको त्रुटिका कारणले फाराममा भरेको विवरण भन्दा राहदानीमा छापिएको विवरण फरक

परेर आएको भएमा एक वर्ष भित्र थप दस्तुर नलिइ नयाँ राहदानी जारी गरिनेछ। एक वर्ष नाघेमा थप दस्तुर लाग्नेछ।

९. सामान्यतया राहदानी लिन तोकिएको दिनमा आउनुपर्ने छ। तोकिएको दिनमा आउन नसके सकेसम्म छिटो राहदानी लिन आउनु पर्नेछ।

१०. राहदानी लिन व्यक्ति स्वयम् आउनुपर्ने छ। स्वयम् उपस्थित हुन नसक्ने भएमा राहदानी निवेदन बुझाउँदाकै बखत मन्जुरीनामा बनाई सम्बन्धित अधिकृतबाट रुजू गराई नजिकको कुनै आफन्तलाई मन्जुरीनामा दिन सकिन्छ।

११. फोटो खिच्दा घाँटी र घाँटीभन्दा माथिका सबै गहना फुकाल्नु पर्दछ। तर सधैँ लगाउने साना गहना र गहनाको कारण व्यक्तिको प्राकृतिक स्वरूपमा कुनै फरक नपर्ने किसिमका साना आकारका गहना (जस्तो नाकमा लगाउने सानो फुली) लगाउन सकिन्छ। त्यसैगरी धार्मिक कारणका कतिपय गहना पनि व्यक्तिको प्राकृतिक स्वरूपमा कुनै फरक नपर्ने किसिमका भए त्यस्तो गहना वा पहिरन लगाउन पनि सकिन्छ।

१२. पुरानो राहदानीको नम्बर राहदानी नवीकरण गर्दा नयाँ राहदानीको पेज नम्बर ३ मा उल्लेख भएको हुनेछ। यस कारणले गर्दा सामान्यतः पुरानो राहदानीमा भएको भिसाको आधारमा यात्रा गर्न सकिनेछ। तर यस्तो अवस्थामा पुरानो र नयाँ दुबै राहदानी साथमा लिएर यात्रा गर्नु पर्नेछ।

१३. नेपालमा फाराम बुझाउनेहरूको हकमा ठाउँ छनौट गर्दा राहदानी विभाग (DOP) वा जिल्ला वा तोकिएका इलाका प्रशासन कार्यालय छान्न सकिने र जिल्ला वा इलाका प्रशासन कार्यालयमा निवेदन दिँदा आफूले नागरिकता लिएको वा बसाइ सराइ गरेको जिल्लामा मात्र निवेदन दिन सकिने छ।

१४. तोकिएको मिति र समयमा मात्र सेवाग्राहीहरूलाई विभाग वा कार्यालयमा प्रवेश दिइने छ। जस्तै, दिउसो २ बजेको बुकिङ्ग छ तर बिहान १० बजे नै विभागमा आएमा अनावश्यक रूपमा चार घण्टा बढी पर्खिनु पर्ने हुन्छ। त्यसैले सबै सेवाग्राहीहरूलाई तोकिएको मिति र समयमा विभाग/कार्यालयमा जान अनुरोध गरिएको छ।

१५. ३४ पृष्ठ तथा ६६ पृष्ठ दुवै राहदानीको म्याद १० वर्ष हुन्छ। धेरै ठाउँमा छोटो समयमा यात्रा गर्नुपर्नेले राहदानीको पेज सकिएर म्याद अगावै नवीकरण गर्नु नपरोस् भनी ६६ पृष्ठको राहदानी लिनु बढी उपयोगी हुन्छ।

१६. पहिले यन्त्रवाचक राहदानी लिएको तर राहदानी नम्बर उल्लेख नगरी राहदानी फाराम भरेको भए पनि राहदानी बन्दैन। त्यसैले विवरण ठीक राखेर भर्नुहोला, नत्र अनावश्यक दुख मात्र हुनेछ।

१७. अफिसियल राहदानी लिएकाहरूले साधारण राहदानी लिँदा अफिसियल राहदानीको विवरण राखी राहदानी नवीकरण गर्न पाइने छैन। त्यस्तो विवरण राखेको पाइएमा राहदानीको निवेदन रिजेक्ट हुन्छ।

१८. अफिसियलबाट अफिसियल राहदानी नवीकरण हुन्छ। कूटनीतिकबाट कूटनीतिक राहदानी नवीकरण हुन्छ। साधारण राहदानीबाट साधारण राहदानी नवीकरण हुन्छ। एउटा क्याटेगोरीबाट अर्को क्याटेगोरीमा राहदानी नवीकरण हुँदैन।